# ब्रह्मपुरी गाउँपालिका

## जोखिममा परेका हिंसा पिडित महिला,किशोरी त बालबालिकाहरुका लागी आपतकालिन सुरक्षित वाल सेवा सञ्चालन कार्यबिधि

२०७७

## ब्रह्मपुरी गाउँपालिकाको कार्यालय

ब्रह्मपुरी, सर्लाही

# ब्रम्हपुरी गाउँपालिका, सर्लाही

## जोखिममा परेका हिंसा पिडीत महिला, किशोरी र बालबालिकाहरुका लागि आपतकालीन सुरक्षित बास सेवा सञ्चालन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति: २०७७/05/20

# ब्रम्हपुरी गाउँपालिका सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७७

प्रस्तावना : लैंगिक तथा अन्य प्रकारका हिंसाहरुबाट पीडित तथा प्रभावित महिला, किशोरी तथा बालबालिकाको संरक्षण गरी सुरक्षा र न्यायको प्रत्याभुती गर्न सहयोग पुर्‍याउने उद्धेश्यले गाउँपालिकामा सेवा केन्द्र सञ्चालन गर्नु पर्ने भएकोले महिला विरुद्ध हुने लैंगिक हिंसा नियन्त्रण ऐन, २०७७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

१. नाम:- यो कार्यविधिको नाम जोखिममा परेका हिंसा पिडीत महिला, किशोरी र बालबालिकाहरुका लागि आपतकालीन सुरक्षित बास सेवा सञ्चालन कार्यविधि, २०७७ ।

२. प्रारम्भ :- यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

३. परिभाषा :

३.१ आपतकालीन सुरक्षित बास सेवा केन्द्र :- महिला, किशोरी वा बालबालिकालाई सुरक्षित एवं व्यवस्थित ढंगले सुरक्षा बास सेवा उपलब्ध गराउन यो कार्यविधि बमोजिम तोकिएको घर कम्पाउण्डलाई सम्झनु पर्दछ ।

३.२ पालिका प्रमुख:- पालिका प्रमुख भन्नाले ब्रम्हपुरी गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

३.३ उप-प्रमुख :-उप-प्रमुख भन्नाले ब्रम्हपुरी गाउँपालिकाका उप-प्रमुखलाई सम्झनु पर्दछ ।

३.४ प्रमुख प्रशासकीय अधिकृत:- प्रमुख प्रशासकीय अधिकृत भन्नाले ब्रम्हपुरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३.५ समिति:- समिति भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई जनाउँछ ।

३.६ महिला, किशोरी वा बालबालिका :-महिला किशोरी वा बालबालिका भन्नाले हिंसा पिडीत भएका असहाय महिला, किशोरी र बालबालिकाको हकमा यस सेवा प्रवाहको प्रयोजनका लागि १० वर्ष उमेर सम्मकालाई जनाउँछ ।

३.७ सञ्चालन भन्नाले :- यो कार्यविधि बमोजिम सञ्चालन हुने आपतकालीन सुरक्षित बास सेवा केन्द्रलाई जनाउँछ ।

३.८ कार्यालय :-कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

३.९ सेवाग्राही : सुरक्षित बास सेवा केन्द्रमा आश्रय लिइ रहेका महिला, किशोरी तथा बालबालिकालाई जनाउँछ ।

३.१० सेवा कोष : महिला विरुद्ध हुने लैंगिक हिंसा निवारण

(४) व्यवस्थापन समिति:-

हिंसा पीडित तथा प्रभावित महिला, किशोरी र बालबालिकाहरुलाई आपतकालीन सुरक्षित बास सेवा केन्द्रमा सुरक्षित ढंगले तोकिएको समय सम्म राख्न र तत् सम्बन्धी आवश्यक व्यवस्था गर्न एक व्यवस्थापन समिति देहाय बमोजिम गठन गरिने छ ।

४.१ गाउँकार्यपालिकाले तोकेको कार्यपालिकाको महिला सदस्य : संयोजक

४.२ गाउँ कार्यपालिकाकाले तोकेको अन्य गाउँसभा सदस्य मध्यबाट सदस्य : ३ जना

४.३ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक इकाई : १ जना

४.४ गाउँपालिकाको सामाजिक शाखा प्रमुख - सदस्य सचिव

५. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

५.१ जोखिममा रहेका हिंसा पिडीत महिला, किशोरी र बालबालिकाहरु पहिचान गरी आवासगृहमा राख्ने व्यवस्था गर्ने ।

५.२ गाउँसभाबाट तोकिएको शिर्षकको रकम समुचित ढंगले खर्च गर्ने ।

५.३ आपतकालीन सुरक्षित बास सेवा केन्द्रमा प्राप्त भएको रकमको आयव्यय विवरण र कार्य प्रगतीको प्रतिवेदन प्रत्येक तीन महिनामा गाउँकार्यपालिकामा बुझाउने ।

५.४ आपतकालीन सुरक्षित बास सेवा केन्द्रको सुरक्षा व्यवस्थाको अनुगमन नियमन कार्य गर्ने ।

५.५ महिला, किशोरी र बालबालिकाको स्वास्थ्य, सुरक्षा, जिविकोपार्जन सहायता, कानुनी सहायता लगायत अन्य आवश्यकताहरु सम्बोधन गर्न पहल भए नभएको नियमन गर्ने ।

५.६ अन्य काम, कर्तव्य र अधिकार सम्बन्धीत समितिले निर्णय गरे अनुसार हनेछ ।

५.७ आपतकालीन सुरक्षित बास सेवा केन्द्र सञ्चालनमा गाउँकार्यपालिकाको सहमतीमा बजेट र कार्यक्रमको परीधिभित्र रही करार सेवामा आवश्यक विज्ञ वा कर्मचारी प्रचलित कानून बमोजिम व्यवस्था गर्ने । तर कर्मचारी राख्नु परेमा निश्चित अवधीको लागी करार सेवामा राख्नु पर्नेछ ।

५.८ सेवाग्राहीलाई जिविकोपार्जन सम्बन्धी सहायताको आवश्यकता देखिए सो सम्बन्धमा आवश्यक सिफारिस गर्ने ।

५.९ व्यवस्थापन समितिले संरक्षकले दिएको उपयुक्त निर्देशन पालना गर्ने ।

५.१० समितिको संयोजक र सदस्य सचिवका संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन गर्ने ।

६. आपतकालीन सुरक्षित बास सेवा केन्द्र सञ्चालन गर्न महिला विरुद्ध हुने लैंगिक हिंसा नियन्त्रण ऐन, २०७७ को दफा १२ बमोजिम स्थापना गरिएको सेवा कोष र उक्तपुरी गाउँकार्यपालिको वार्षिक कार्यक्रममा बजेट बिनोयाजन गरी सञ्चालन गर्न सकिनेछ ।

७. हरहिसाबको लेखा परीक्षण गाउँकार्यपालिकाले गर्ने गराउनेछ ।

८. यो कार्यविधीमा भएको व्यवस्था यसै बमोजिम हुने छ । यसमा नभएका विषय समितिको निर्णय, गाउँपालिकाले गरेका निर्णय वा प्रचलित कानून बमोजिम हुनेछन ।

९. यो नियमावलीत्रमोजिम गठित हुने समितिको अवधी गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१०. यो कार्यविधि लागु हुनु अगावै यो विषयसँग सम्बन्धित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

११. न्यूनतम मापदण्ड

क. सेवा केन्द्रको पूर्वाधार

आपतकालीन सुरक्षित बास सेवा केन्द्र देहायका सुविधा सम्पन्न हुनुपर्दछ।

- दुबैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरु
- एकजना भए प्रति व्यक्ति ६४ वर्गफिट र दुई वा बढी भए प्रतिव्यक्ति ५० वर्गफिटको कोठा क्षेत्रफल (Room Space)
- प्रत्येक सेवाग्राहीका लागि छुट्टाछुट्टै खाट
- भुईमा उपयुक्त कारपेट, झ्यालमा पर्दा र राखन-धरन, लेखापढी गर्न आवश्यक फर्निचर
- मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै कक्ष
- मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common Room)
- शौचालय तथा स्नान कक्ष
- टेलिभिजन
- ठाउँ हेरी पंखा, हिटर
- पर्याप्त मात्रामा पानी
- नुवाई-धुवाई सरसफाईका लागि सामाग्री, भाँडाकुँडा, कुचो, फोहोर संकलन टोकरी, लुगा सुकाउने डोरी इत्यादी
- अग्नि नियन्त्रण उपकरण
- सुरक्षाका लागि आवश्यकता अनुसार पालो पहरा

ख. लुगाफाटो

प्रत्येक सेवाग्राहीका लागि देहायमा उल्लेखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ।

- दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाई, झुल, खोल चाहिनेमा खोल समेत एक-एक थान ओढ्ने ओछ्याउने बिस्तरा
- एक-एक जोर चप्पल
- नभएकालाई एकसरो लगाउने लुगा

ग. खानेकुरा

दैनिक खानेकुराको व्यवस्था समितिले तोके बमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहाय बमोजिम हुनुपर्दछ।

- बिहान चिया सँगै हल्का खाजा
- दिउँसो खाना
- अपरान्ह पूर्ण खाजा सँगै चिया
- बेलुकी खाना
- मासाहारीका लागि सातामा कम्तीमा एकपटक माछा मासु तथा शाकाहारीका हकमा सो को मूल्य बराबरको दुध, दही, फलफुल, आदि।
- उमालेको वा अन्य तरिकाले शुद्धीकरण गरिएको खानेपानी

घ. स्वास्थ्योपचार

समितिले तोकेको अस्पतालमा संरक्षणमा लिईएका सेवाग्राहीको स्वास्थ्योपचार गराउनुपर्दछ। स्वास्थ्योपचार गर्दा निम्न व्यवस्था सुनिश्चित गर्नु पर्दछ।

- प्राथमिक उपचार बाकस
- समस्या हेरी नियमित उपचार
- आकस्मिक उपचार
- बालबालिकाका हकमा उमेर अनुसार लगाउनु पर्ने खोप

**ङ. मनोसामाजिक मनोविमर्श**

समितिले निर्धारण गरेको योग्यता हासिल गरेका मनोविमर्शकर्ता (Counseldor) बाट देहाय बमोजिम मनोसामाजिक मनोविमर्श सेवा प्रदान गर्नु पर्दछ।

- प्रत्येक सेवाग्राहीलाई सातामा एकपल्ट नियमित सेवा
- सेवाग्राहीको मनोसामाजिक अवस्था हेरी थप आवश्यक सेवा
- सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था

**च. कानुनी सेवा**

देहायमा उल्लेखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

- सेवाग्राहीलाई न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा

**छ. सञ्चालन**

सेवा केन्द्रको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ।

- प्रभावित महिलालाई समतामय, समानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचार संहिता
- प्रभावित महिलाको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरितको कुनै पनि कार्यमा प्रतिबन्ध
- सेवा केन्द्रमा भेटघाट कक्ष भन्दा उता बस्ने अनुमति प्राप्त अनि चिकित्सक, सफाईकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही

**ज. जनशक्ति**

आवासगृह सुपरभाइजर एकजना, सरसफाईकर्मी आवश्यकता अनुसार

- मनोविर्मशकर्ता १ जना (केसको आधारमा बोलाइने),
- सुरक्षा गार्ड १ जना

**झ. अभिलेख**

सेवा केन्द्रले देहाय बमोजिम अभिलेख राख्नुपर्दछ।

- सेवाग्राहीको नाम दर्ता किताब
- सेवाग्राहीको व्यक्तिको दैनिक हाजिरी किताब
- सेवाग्राहीको व्यक्तिगत गोप्य फायल
- दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सो को पुष्टी गर्ने कागजात
- समितिको निर्णय किताब

- स्वास्थ्योपचार, मनोसामाजिक मनोविमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पिच्छे जानेर
- समितिले तोकेको अन्य अभिलेख

१२. खर्चका मानक

१२.१ सेवा केन्द्र
सेवा केन्द्रले देहायका सीमा भित्र रहेर खर्च गर्नुपर्दछ।

क. घर भाडा
घर बहालमा लिई सेवा केन्द्र सञ्चालन गरिएको भए घर बहाल,वार्षिक रु. ३ लाख नबढाई यबस्थापन समितिले घर हेरी स्वीकृत गरेको रकम

ख. मालसामान
डसना, पर्दा, खाट, बिस्तरा, भाडाकुँडा, टेलिभिजन, खानपाता लगायतका सामानकालागि खप्ने मालसामान मध्ये हाल फेर्नु वा थप गर्नु पर्ने भए,सेवा केन्द्रको क्षमता समेतको विचार गरी साधारणतया व्यवस्थापन समितिले औचित्यका आधारमा स्वीकृत गरेको रकम

ग. औषधोपचार
व्यवस्थापन समितिले तोकेको अस्पतालमा उपचार गराउँदा (बिरामी तथा कुरुवा समेतको जोडेर) निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सेवाग्राहीको उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्च वापत जम्मा रु. २,०००सम्म
- अस्पतालमै भर्ना भई उपचार गराउँदा पुर्‍याउदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिन सम्म लाग्ने खर्च वापत बिरामी र एक जना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ५०० गरी जम्मा रु. ५,०००।- सम्म
- विशेष अवस्थामा व्यवस्थापन समितिले विशेष निर्णय गरेकोमा थप रु. ४,०००।- सम्म साथै लामो समय सम्म अस्पताल बस्नु परेमा समितिले निर्णय गरे बमोजिम हुनेछ।

घ. कानुनी उपचार
एक जना साथी समेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवा वापत (साथी समेतको जोडेर) निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च

- सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,५००। सम्म
- विशेष अवस्थामा व्यवस्थनपन समितिले विशेष निर्णय गरेकोमा थप रु. २,५००।- सम्म

ङ. फुटकर
सेवा केन्द्रमा रहेको दिन जति प्रभावित महिलालाई मात्र फुटकर खर्च वापत प्रतिव्यक्ति दैनिक रु. १०० उपलब्ध गराइनेछ।

च. फिर्ता सम्प्रेषण

फिर्ता समर्पण गर्दा साथी समेतको मितव्ययी सवारी साधनको भाडा तथा एक दिन पुगनमा खाजा खर्च बापत प्रतिव्यक्ति रु. ५० र बास बस्नु पर्नेमा लाग्ने खाने खर्च बापत प्रतिव्यक्ति दैनिक रु. १०००। यसमा उल्लेखित खर्चलाई फेरबदल गर्नु परेमा व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ।

छ. खानेकुरा

सेवा केन्द्रमा रहेको अवधि भरि प्रभावित महिला र साथी समेतको खानेकुरामा प्रतिव्यक्ति दैनिक रु ३००।

ज. मनोसामाजिक मनोविमर्श

प्रभावित सेवाग्राहीलाई आवश्यक मनोसामाजिक मनोविमर्श प्रदान गर्न प्रति सत्र न्यूनतम रु ५००।- वा व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ।

झ. व्यवस्थापन खर्च

गाउँसभाले विनियोजन गरेको बजेट सीमा भित्र रही सम्पूर्ण व्यवस्थापन खर्च व्यवस्थापन समितिले आवश्यकता तथा औचित्य हेरी खर्च गर्ने।

ञ. बैठक खर्च

व्यवस्थापन समितिको बैठक सञ्चालन खर्च बापत अधिकतम वार्षिक रु. ५०,०००।-

ट. जीविकोपार्जन अनुदान

५.८ मा उल्लेखित अवस्थामा जीविकोपार्जन अनुदान बापत प्रति परिवार बढीमा रु. २५ हजार ननाघ्ने गरी व्यवस्थापन समितिले उपलब्ध श्रोत समेतको विचार गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने।

१३. भुक्तानी

**१३.१ सेवा केन्द्रको खर्च सम्बन्धमा:**

सेवा केन्द्रको खर्च व्यवस्थापन समितिले निर्णय गरी माग गरेको आधारमा सामाजिक विकास शाखा मार्फत देहाय बमोजिम भुक्तानी गरिनेछ।

(क) जम्मा रकमको ५० प्रतिशत सम्म पहिलो किस्तामा सुरुमै

(ख) पहिलो किस्तामा प्रदत्त रकमको कम्तीमा ८० प्रतिशत खर्चको फाँटवारी तथा सो को पुष्टी गर्ने कागजातका साथै पेस गरेको प्रगतिका आधारमा दोस्रो किस्तामा बाँकी पुरै रकम

१४. अन्य जिल्ला वा, गाउँपालिका वा नगरपालिकाहरूबाट आएका हिंसापिडीत महिला, किशोरी र बालबालिकाको हकमा प्रति दिन ३०० (तीनसय) का दरले सम्बन्धित स्थानीय तहबाट रकमको व्यवस्था भएको खण्डमा भुक्तानी लिने गरी अन्य स्थानका हिंसापिडीत महिला, किशोरी र बालबालिकाहरूलाई यस सेवा केन्द्रमा सेवा उपलब्ध गराउन सकिनेछ।

स्पष्टिकरण: बालकका हकमा उमेर १० वर्षसम्मको हुनेछ।